# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बागमती गाउँपालिका
## ललितपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बागमती गाउँपालिका

## ललितपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

बागमती गाउँपालिका

ललितपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

# मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७९।८०

च.नं. ७९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बागमती गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ललितपुर ।

**कैफियत सहितको राय**

हामीले बागमती गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.७ करोड ६० लाख ८३ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रू.२४ लाख ३० हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.११ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ करोड ५ लाख ६४ हजार, नियमित गर्नुपर्ने रू.१५ लाख ४० हजार र पेश्की रू.४ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रू.१९ करोड ६५ लाख ७७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.२७ करोड २ लाख ३० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण

प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

# बागमती गाउँपालिका, ललितपुर

१.	चालु वर्षको बेरुजु २०७८।७९

१.१.	बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३८ | १७५ | ७६०८३ | ० | १८ | २४३० | ३८ | १५७ | ७३६५३ | ११४९ | १५४० | ७०५६४ | ० | ० | ७२१०४ | ४०० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ९ | दाखिला गर्न बाँकी रकम दाखिला भई फस्यौंट | १८५८५२२ |
| २ | २५ | बिल भर्पाई पेश भई फस्यौंट | ५०११७४ |
| ३ | ३७ | दोहोरो भत्ता असुल भई फस्यौंट | ४१९९० |
| ४ | ५६ | प्रमाण पेश भई फस्यौंट | २८८०० |
| | | **जम्मा** | **२४३०४८६** |

२.  अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बागमती गाउँपालिका | १९६५७७ | ० | ० | १९६५७७ | ० | ७३६५३ | २७०२३० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : वाग्मती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ललितपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम दत्त भट्ट | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | डण्डपाणी पौडेल | २०७८-५-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७३,६५३,१३३.८८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,८०,१९,५६१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,१९,५७,०५१ | **चालु खर्च** | ३३,६७,४६,७४७ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,१३,२४,३८८ | **पूँजीगत खर्च** | १७,३२,७४,७८१ |
| **राजश्व बाँडफाँट** | ७,७३,१६,७४० | **वित्तीय/अन्य व्यवस्था** | ६,४८,८७,८६२ |
| **आन्तरिक आय** | १,१४,०३,४१२ | | |
| **अन्य आय** | ५,८५,३१,६०४ | | |
| **कुल आय** | ५१,०५,३३,१९५ | **कुल खर्च** | ५७,४९,०९,३९० |
| **बाँकी मौज्दात** | | २,३६,४३,३६६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बागमती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३५ सभा सदस्य, १११.४९वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार ०४९ जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५०,५४,३२,०००.००</td><td>४५,६४,१४,२४१.७६</td><td></td><td>४५,६४,१४,२४१.७६</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४९,१६,५१,०००.००</td><td>४५,२०,०१,५९१.७६</td><td>०</td><td>४५,२०,०१,५९१.७६</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७,४९,७६,८९४.९२</td><td>७,७३,१६,७४०.५१</td><td>०</td><td>७,७३,१६,७४०.५१</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३९,९५,०१,०००.००</td><td>३६,३२,८१,४३९.१७</td><td>०</td><td>३६,३२,८१,४३९.१७</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>३४,०३,६७,०००.००</td><td>३१,१९,५७,०५१.१७</td><td>०</td><td>३१,१९,५७,०५१.१७</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>५,९१,३४,०००.००</td><td>५,१३,२४,३८८.००</td><td>०</td><td>५,१३,२४,३८८.००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>१,७१,७३,१०५.०८</td><td>१,१४,०३,४१२.०८</td><td>०</td><td>१,१४,०३,४१२.०८</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td></td><td>१,३७,८१,०००.००</td><td>४४,१२,६५०.००</td><td></td><td>४४,१२,६५०.००</td></tr>
<tr><td>वितरण गर्न बाकी राजस्व</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>१,३७,८१,०००.००</td><td>४२,३७,६५०.००</td><td>०</td><td>४२,३७,६५०.००</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>१,७५,०००.००</td><td>०</td><td>१,७५,०००.००</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>भुक्तानी (ग+घ)</td><td></td><td>५८,०७,०६,७९८.००</td><td>५२,०७,९०,४३७.२८</td><td></td><td>५२,०७,९०,४३७.२८</td></tr>
<tr><td>ग. भुक्तानी (सञ्चित कोषबाट)</td><td></td><td>५६,६९,२५,७९८.००</td><td>५१,००,२१,५२८.७३</td><td></td><td>५१,००,२१,५२८.७३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,३९,८४,०००.०० | १६,१८,११,०६०.३३ | ० | १६,१८,११,०६०.३३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,१८,६२,७४७.०० | १६,२७,३९,७०५.४० | ० | १६,२७,३९,७०५.४० |
| २५००० सहायता (Subsidy) | १८ | २,५०,०००.०० | २,५०,०००.०० | ० | २,५०,०००.०० |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९८,७६,०००.०० | ७७,५९,९८२.०० | ० | ७७,५९,९८२.०० |
| २८००० अन्य खर्च | १८ | ४१,८६,०००.०० | ४१,८६,०००.०० | ० | ४१,८६,०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,६७,६७,०५१.०० | १७,३२,७४,७८१.०० | ० | १७,३२,७४,७८१.०० |
| घ. अन्य भूक्तानी | | १,३७,८१,०००.०० | १,०७,६८,९०८.५५ | | १,०७,६८,९०८.५५ |
| कोषहरु | | १,३७,८१,०००.०० | १,२४,३८,०५५.०० | ० | १,२४,३८,०५५.०० |
| धरौटी | | ० | १,८९,३७५.६५ | ० | १,८९,३७५.६५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१८,५८,५२२.१०) | | (१८,५८,५२२.१०) |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,५२,७४,७९८.००) | (६,४३,७६,१९५.५२) | | (६,४३,७६,१९५.५२) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,८०,१९,५६१.३४ | | ८,८०,१९,५६१.३४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,५२,७४,७९८.००) | २,३६,४३,३६५.८२ | | २,३६,४३,३६५.८२ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | २,७६,६०,६२७.८२ | | २,७६,६०,६२७.८२ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि नं. | बजेट शीर्षक | रकम |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ४८५५५९८४ |
| २ | गरिब संग विशेश्वर कार्यक्रम | ११३४६२३ |
| ३ | प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम (पुंजीगत) | १९३१८८० |
| ४ | भौतिक पुर्वाधार विकास मन्त्रालय | १७९६४६७ |
| ५ | प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम (चालु) | ७००००० |
| | **जम्मा** | **५४११८९५४** |

३

**वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.३७,३१,०२०।- ले फरक देखिएको छ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा खर्च नभई बाँकी रहेको रु.३,०८,३३,३६९।८३ सम्बन्धित निकायमा फिर्ता गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | फिर्ता गरेको |
|---|---|
| संघीय सरकार | २४११४६०८.८३ |
| प्रदेश सरकार | ६७१८७६१.०० |
| **जम्मा** | **३०८३३३६९.८३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बैंक हिसाब मिलान नगरेको**<br>नीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | ३,७३१,०२० |

| खाता नं | खाताको प्रकार | खाता अनुसार बाँकी रु | बैंक अनुसार बाँकी रु | फरक |
|---|---|---|---|---|
| ७९००३४६९४२००००१ | ग २.१ चालू खर्च खाता- विजोर वर्ष | ६४९३४९७.४८ | ६९०३०२४.५२ | ४०९५२७.०४ |
| ७९००३४६९४२००००२ | ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | ८६६५३७६.३० | ६६३३०२२.०० | -२०३२३५४.३० |
| ७९००३४६९४२००००८ | ग २.७ विविध खर्च खाता | ७०६७१७.५० | ७०६७१७.५० | ०.०० |
| ७९००३४६९४२००००४ | ग ३.१ स्थानीय तह धरौटी खाता | २५९०३२०.१९ | २५९०३१९.८४ | -०.३५ |
| ७९००३४६९४२००००३ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ७९७१०९१.३५ | ५८२६४९८.५५ | -२१४४५९२.८० |
| ७९००३४६९४२००००६ | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ३६०४४.०० | ३६०४४.०० |
| ७९००३४६९४२००००५ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२३३६२५.०० | १२३३९८०.५६ | ३५५.५६ |
| | **जम्मा** | **२७६६०६२७.८२** | **२३९२९६०६.९७** | **३७३१०२०.८५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.७,२०,९२,७३५।२० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.८,८०,१९,५६१।३४ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,५९,२६,८२६।१४ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ७ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन यकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.६४,९३,४९७।४८, पुँजीगत खर्च खातामा रु.८६,६५,३७६।३० समेत गरी रु.१,५१,५८,८७३।७८ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र बैङ्कबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैङ्क हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **कट्टी रकम दाखिला बाँकी**<br>***✂...... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु.१८,५८,५२२।१० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| १० | | | **खर्च विश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.७०,७९,८६३।- राजस्व बाँडफाँड र अनुदानबाट रु.४४,९३,३४,३७८।७६ समेत रु.४५,६४,१४,२४१।७६ आम्दानी भएकोमा चालुतर्फ रु.३३,६७,४६,७४७।७३ र पुँजीगत तर्फ रु.१७,३२,७४,७८१।- समेत रु.५१,००,२१,५२८।७३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हिस्सा १.३९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५१,५१,०१५।- खर्च भएको छ जुन आन्तरिक आयको ७३.७५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.७८ प्रतिशत चालु र ३७.९६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ११ | | | **सवारी साधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान व्याक हो लोडर खरिदमा रु.३९,१५,०००।- खर्च गरेको छ । | |
| १२ | | | **बेरुजु लगत**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३ | | | **रकमान्तर**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउँसभाले विभिन्न १०९ कार्यक्रम रु.४ करोड ७७ लाख ६८ हजार रकम संशोधन गरी खर्च गरेको पाईयो । | |
| १४ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १० वटा ऐन, ६ वटा नियमावली, ४० कार्यविधि, ९ निर्देशिका लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १५ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो बर्ष ४ विवाद दर्ता भएकोमा ४ वटै मुद्दा फस्यौंट भएको देखिन्छ । | |
| १६ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले जनतासँग अध्यक्ष कार्यक्रममा यो बर्ष रु.१ करोड अबण्डा राखेकोमा रु.१८,१८,६५६।- रकमान्तर गरी रु.१,१८,१८,६५६।- लाख बजेट व्यवस्था गरेको छ । उक्त अबण्डा रकम अध्यक्षको तोक आदेश र कार्यपालिकाको वभिन्न मिति को निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा रु.६७,८३,६५६।- र पुंजीगततर्फ रु.५०,३५,०००।- बजेट व्यवस्था गरी रु.१,१८,१८,६५६।- खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः
<table>
<tr><th>क. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु.१ लाखभन्दा कमको योजना</td><td>९</td><td>४५००००</td></tr>
<tr><td>२</td><td>रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना</td><td>९१</td><td>३०६०००००</td></tr>
<tr><td>३</td><td>रु.५ लाखदेखि १० लाख सम्मका योजना</td><td>६</td><td>५१०००००</td></tr>
<tr><td>४</td><td>रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>११</td><td>२०४०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११७</td><td>५६५५००००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ११७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>क्षेत्रगत बजेट तथा खर्च<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३१५०५०००</td><td>२६२८०३०५</td><td>९.२४</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>१२१३५०००</td><td>१०४७९८५७</td><td>३.६९</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१४२७९९०६६</td><td>१३१२३३६०३</td><td>४६.१५</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित</td><td>५३८४४७३२</td><td>५०५७६१३७</td><td>१७.७८</td></tr>
<tr><td>५</td><td>कार्यसंचालन तथा प्रशासनिक</td><td>६७३२००००</td><td>६५८२१९५६</td><td>२३.१४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०७६०३७९८</td><td>२८४३९१८५८</td><td>१००.००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ४६.१५ प्रतशित र सामाजिक विकास क्षेत्रमा सबैभन्दा घटी ३.६९ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>चौमासिक पुँजीगत खर्च<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१७,३२,७४,७८१।- निकासा भएकोमा प्रथम चौमासिकमा रु.३,०५,१७,९३६।- अर्थात् १७.६१ प्रतिशत, दोश्रो चौमासिकमा रु.१,३९,९३,१५९।- अर्थात् ८.०८ प्रतिशत र तेश्रो चौमासिकमा रु.१२,८७,६३,६८६।-, अर्थात् ७४.३१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९,४२,३०,४२६।- अर्थात् ५४.३८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेस्क बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण</td><td>४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्ने निकायले फस्योंट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेस्कीलाई बेरुजु नमानिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल पेस्की रु.४,००,०००।- बाँकी रहेकोमा म्याद ननाघेको पेस्की बाँकी नरहेको र देहाय अनुसार म्याद नाघेको रु.४,००,०००।- पेस्की फस्योंट नभई बाँकी रहेको देखियो । नियमानुसार उक्त पेस्की असुल फस्योंट हुनुपर्ने रु. | |
| २१ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री रञ्जना तिमिल्सिना घिमिरेले मिति २०७८।३।१० गते रु.५२ करोड ७८ लाख ८४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएकोमा हिउँदे अधिवेशनबाट रु.३ करोड ९० लाख ४१ हजार थप गरी रु.५६ करोड ६९ लाख २५ हजार बजेट विनियोजन गरेको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **सेवा प्रवाह**<br>लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार अ ब २०७८।७९ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | १५/१२/२०७८ | १८२ | सन्ध्या फिल्म्स एण्ड मिडिया प्रा.ली | | २,००,०००.०० |
| २ | ०९/०८/२०७८ | ८१ | तुलसी प्रसाद भट्टराई | | २,००,०००.०० |
| **कुल जम्मा** | | | | | **४,००,०००.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><th>विवरण</th><th>जम्मा</th></tr><tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>३</td></tr><tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr><tr><td>जन्मदर्ता</td><td>६६६</td></tr><tr><td>मृत्युदर्ता</td><td>१०४</td></tr><tr><td>बसाईसराई दर्ता</td><td>१३१</td></tr><tr><td>विवाह दर्ता</td><td>१९७</td></tr><tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>३</td></tr></table> | |
| २३ | | | **खेलकुद कार्यक्रम**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले पालिका स्तर तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका खेलकुद कार्यक्रम संचालन भए वापत रु २४,००,०००।०० खर्च गरेको देखिएको छ।कार्यक्रम सञ्चालन भएको मिति, स्थानमा,अयोजक, सहभागि संख्या,प्रशिक्षक, कुल लागत,लाभग्राहि संख्या प्रमाणपत्र वितरणजस्ता विवरण विवरण संलग्न भएको प्रगती प्रतिवेदन संलग्न भएको देखिएन।साथै सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ । | |
| २४ | | | **अन्य निकायको खर्च**<br>नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।जुन रकम नपुग भएमा तालुक निकायसंग नै माग गर्नु पर्दछ ।तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो।पालिकाले अन्य निकायबाट संचालन भएको कार्यक्रमको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><th>गो भौ नं र मिति</th><th>कार्यालय</th><th>कार्य</th><th>रकम</th></tr><tr><td>३२०।२०७९।३।२५</td><td>जिल्ला प्रशासन कार्यालय</td><td>ओपन बुक केश निर्माण</td><td>२६५०००</td></tr></table> | |
| २५ | | | **नपुग बिल**<br>पालिकाले निम्नानुसारको गोश्वारा भौचर बाट खर्च रकम लेख्दा पेश भएको बिल भरपाई भन्दा बढी रकम भुक्तानी दिएको हुँदा बिल भरपाई बेगरको रकम असुल गरी दाखिला गर्नु पर्ने रकम रु.<table><tr><th>क्र.सं.</th><th>गो भौ नं र मिति</th><th>भुक्तानी रकम</th><th>नपुग बिल भर्पाई</th></tr><tr><td>१</td><td>२३।२०७८।५।३२</td><td>७९७७८०</td><td>२९८३२०</td></tr></table>***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेस भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु.५,०१,१७४।- सम्परीक्षण गरिएको ।)*** | २९८,३२० |
| २६ | | | **बिल भरपाई बेगर खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ के नियम नियम ३९ (५) मा कारोवारको लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्द रुपमा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका गोश्वारा भौचरबाट लेखेको खर्चमा कुनै किसिमको कागजात बिलभरपाई पेश हुन नआएको ले सो खर्चलाई पुष्टाई गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने रु.<table><tr><th>गो भौ नं</th><th>रकम</th><th>गो भौ नं</th><th>रकम</th></tr><tr><td>२</td><td>२,००,०००</td><td>६</td><td>२,१२,६६६</td></tr><tr><td>५</td><td>२,८५,१७०</td><td>८</td><td>८,९९,८०१</td></tr><tr><td>७</td><td>५,५४,३५४</td><td>३८</td><td>७,७२,४५१</td></tr><tr><td></td><td></td><td>११४</td><td>८,२२,५००</td></tr></table> | ३,७४६,९४२ |
| २७ | | | **दिवा खाजा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ को क्रियाकलाप ७.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्यनरत बालबालिकाहरुका लागि रु.१५/- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र त्रेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुप्रयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय सर्शत कार्यक्रममा व्यवस्था रहेको कार्यक्रम सञ्चालन गरे तापनि वडा नं ३ अन्तर्रगतका श्री सातकन्या आधारभूत विद्यालय,महाकलीदेवी माध्यमिक र भट्टेडांडा आधारभूत विद्यालय मा क्रमश रु.२५,५०,२५ हजारका दरले भुक्तानी दिएको देखिएको छ।कार्यक्रममा दोहोरोपना पर्नेगरी गरेको खर्च नियम संगत मान्न सकिएन । | |
| २८ | | | **विज्ञापन पत्रपत्रिका तथा छपाई**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले विज्ञापन पत्रपत्रिका तथा छपाई शीर्षकमा जम्मा रकम रु. ३३,१४,२५२।०० खर्च गरेको देखिएको छ ।यस्तो प्रकृतिको खर्चलाई न्युनीकरण गर्नको लागि प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन गर्नुका साथै सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| २९ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन,सञ्चालन,व्यवस्थापन,सेवाको शर्त तथा सुविधा सम्बन्धी अधारभूत सिद्धान्त र मापदण्ड सङघिय कानुन बमोजिम हुनेछ, दफा ८६(२) मा उपदफा १ को अधिनमा रही स्थानीय सेवाको गठन,सञ्चालन,व्यवस्थापन,सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले मिति २०७९।२।९ गतेको कार्यपालिकाको बैठकको निर्णय नं ८ बमोजिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५ जना कर्मचारीहरुलाई एक महिना बराबरको तलब प्रोत्साहनको रुपमा रकम रु.१,९३,१६९.०० भुक्तानी दिएको देखिन्छ। | |
| ३० | | | **बढी आमन्त्रित**<br>सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड,२०७७ को बुँदा नं ६ को ७ मा कानुन बमोजिम गठन भएको समिति वा संचालक समितिको बैठकमा विषय विज्ञ बाहेक आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता नपाउने तथा अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ मा बैठकमा आमन्त्रित सदस्य संख्या ३ जना भन्दा बढी राख्न नमिल्ने व्यहोरा उल्लेख छ ।पालिकाले विभिन्न प्रकारका बैठक भत्ता भुक्तानीमा समितिका सदस्यहरु बाहेकका आमन्त्रितको संख्या तोकिए भन्दा बढी राखी भुक्तानी गरेको देखियो।तसर्थ तोकिएका निर्देशिका तथा मापदण्डको पालना गरी खर्च भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ३१ | | | **बढी दरमा बैठक भत्ता**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७७ को अनुसुचि १(क) मा पदाधिकारीले प्रति बैठक रु १००० का दरले बैठक भत्ता पाउने व्यवस्था उल्लेख छ ।पालिकाले विभिन्न मिति र भौचर बाट पदाधिकारीको संयोजकत्वमा बसेको बैठक को भत्ता रु १५००.०० का दरले निम्न पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी गरेको देखियो ।ऐनमा तोकिएको भन्दा बढी दरमा भुक्तानी भएको बैठक भत्ताको बढी रकम असुल हुनुपर्ने रु. | १०३,२७५ |

| गो भौ नं र मिति | पदाधिकारी | कार्यक्रम | बैठक संख्या | रकम कर बाहेक |
|---|---|---|---|---|
| २०।२०७८।५।२७ | विरबहादुर लोप्चन लगायत ११जना | श्रोत अनुमान तथा सिमा निर्धारण र बजेट तर्जुमा समिति | २ | ७६५० |
| | विरबहादुर लोप्चन लगायत ९ जना | | १० | ३८२५० |
| १५।२०७८।५।२६ | रञ्जना घिमिरे लगायत ८ जना | अपाङगता परिचय पत्र वितरण तथा स्थानीय समन्वय समिति | ३ | ९३५० |
| १२८।२०७८।१०।१३ | विरबहादुर लोप्चन लगायत ८ जना | कृषि व्यवसाय प्रवर्द्धन समितिको बैठक | २ | ६८०० |
| ३१७।२०७९।३।२४ | विरबहादुर लोप्चन लगायत ८ जना | उत्कृष्ट कृषक सम्मान कार्यक्रम | १ | ३८२५ |
| २१८।२०७९।१।१५ | विरबहादुर लोप्चन लगायत १० जना | खानेपानि तथा सरसफाई व्यवस्थापन समिति | ५ | २२१०० |
| ३७८।२०७९।३।१६ | विरबहादुर लोप्चन लगायत १६ जना | गाँउ शिक्षा समितिको बैठक | ३ | १५३०० |
| | | | **जम्मा** | **१०३२७५** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>
कार्यक्रम अनुगमन भत्ता<br>
संघीय शर्सत कार्यक्रम, गोष्ठि र तालिमहरुमा अनुगमन गरेको भत्ता पाउने व्यवस्था गरेको देखिंदैन ।निम्नानुसार भौ.नं. र मितिबाट विभिन्न कार्यक्रमको अनुगमन गरेको देखाई निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई रु.१,०००।का दरले अनुगमन भत्ता भुक्तानी गरेकोले नियम विपरितको भत्ता रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गोश्वारा भौचर नं र मिति</th><th>कार्यक्रम</th><th>अनुगमनकर्ता</th><th>रकम कर बाहेक</th></tr>
<tr><td>९७।२०७८।९।२५</td><td>लैगिक हिंसा विरुद्धको १६ दिने अभियान</td><td>खम्वराज राई लगायत ११ जना</td><td>१२७५०</td></tr>
<tr><td>२२३।२०७९।१।२२</td><td>खोरेत रोग खोप अभियान कार्यक्रम</td><td>विरबहादुर लोप्चन लगायत ४ जना</td><td>२३८००</td></tr>
<tr><td>१२९।२०७९।३।२३</td><td>साना व्यवसायिक कृषि उत्पादन केन्द्र</td><td>खम्वराज राई लगायत ७ जना</td><td>२६३५०</td></tr>
<tr><td>२०३।२०७९।३।२४</td><td>उत्कृष्ट कृषक सम्मान कार्यक्रम</td><td>भक्तबहादुर दर्लामि लगायत ६ जना</td><td>१५३००</td></tr>
<tr><td colspan="3">जम्मा रकम रु</td><td>७८२००</td></tr>
</table>
</td><td>७८,२००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
सहभागी यातायात<br>
कार्यसंचालन निर्देशिका, २०७७ मा सहभागीको आतेजाते यातायात खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा बस बापतको न्युनतम भाडा पाउने र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी २ दिन सम्मको लागि एकमुस्ट रु.२००। र सो भन्दा बढी जतिसुकै दिन भएपनि रु.५००।एकमुस्ट पाउने व्यबस्था उल्लेख छ । पालिकाले विभिन्न कार्यक्रम संचालनमा सहभागीको यातायात खर्च कार्यक्रम अवधिको दैनिक रुपमा कार्यक्रम पिच्छे फरक फरक दरमा भुक्तानी गरेको देखियो।कार्यक्रम अवधिमा एकचोटी मात्र तोकिएको दरमा खर्च भुक्तानी गर्नु पर्नेमा निर्देशिका विपरित निम्न भौचर नं बाट बढी दर र अवधिको भुक्तानी भएको रकम नियम सम्मत देखिएन।केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>भौचर नं र मिति</th><th>कार्यक्रम</th><th>यातायात भत्ता दर</th><th>सहभागी संख्या</th><th>बढी रकम</th></tr>
<tr><td>२५।२०७८।३।२४</td><td>कृषक भेला कार्यक्रम</td><td>५००</td><td>२३</td><td>६९००</td></tr>
<tr><td>१२७।२०७९।३।२२</td><td>गरिवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम</td><td>१६००</td><td>१२</td><td>४४५४०</td></tr>
<tr><td>१८८।२०७८।१२।१७</td><td>बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी अन्तर क्रिया तथा छलफल कार्यक्रम</td><td>५००</td><td>६३</td><td>१८९००</td></tr>
<tr><td>१६२।२०७८।१२।७</td><td>अन्तर्राष्ट्रिय महिला दिवस कार्यक्रम</td><td>५००</td><td>८०</td><td>२४०००</td></tr>
<tr><td>१६८।२०७८।१२।११</td><td>महिला स्वयम सेविका दिवस</td><td>४००</td><td>२७</td><td>५४००</td></tr>
</table>
</td><td>९९,७४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **अनुगमन तथा भ्रमण**<br>भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीलेभ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु. २३,३९,९९५.०० भ्रमण खर्च भएको छ ।भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमाखर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थालाई नियन्त्रण गर्ने तर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **बेरीतको कर विजक**<br>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्ध कर मा दर्ता भएको व्यक्तीले कुनै वस्तु वा सेवा अपूर्ती गर्दा कर अभिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बिजक दिनु पर्ने व्यवस्था छ । कार्यालयले भुक्तानी गरेको निम्न फर्मले जारीगरेको कर बिजकमा हातले कर बिजक नं केरमेट गरेको पाइयो रितपूर्वक कर बिजक जारी नगरी भुक्तानी लिएको रकमको कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा अन्यथा असुल गर्नुपर्ने रु. | १९,३८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो भौ नं र मिति | कर बिजक नं र मिति | फर्मको नाम | भूक्तानी रकम | मू.अ. कर |
|---|---|---|---|---|
| १९०।२०७८।१२।२३ | २०७८।१२।१३ बिजक नं नै उल्लेख नभएको | Delite party venue (६०३५५८१९१) | ६८५१२ | ७८८१ |
| १९५।२०७८।१२।२९ | २०७८।१२।२९ बिजक नं अस्पष्ट भएको | सन्ध्या फिल्म एण्ड मिडिया प्रालि (६०६७४०८८७) | १००००० | ११५०४ |
| | | | **जम्मा** | **१९३८५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **सेवा शुल्कमा कर कट्टी**<br>आयकर ऐन २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारका सेवा सम्झौतामा मा भुक्तानी गर्दा १.५ प्रतिशतका दरले मात्र कर कट्टी गरेको हुँदा छुट कर रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | १४५,१२५ |

| गोश्वारा भौचर नं र मिति | सेवाप्रदायकको नाम | काम | कुलरकम | लाग्ने कर | कट्टी कर | नपुग कर रकम |
|---|---|---|---|---|---|---|
| १५५।२०७८।११।२६ | सन्ध्या फिल्म एण्ड मिडिया प्रालि | सहकारी संस्था क्षमता विकास तथा अन्तर्क्रिया कार्यक्रम | २००००० | ३०००० | ३००० | २७००० |
| २५७।२०७९।३।६ | महाँकाल युथ क्लव | वडा नं१ मा व्याडमिन्टन प्रतियोगिता सञ्चालन | ३२५००० | ४८७५० | ४८७५ | ४३८७५ |
| २८९।२०७८।३।२० | गोदावरी उद्योग वाणिज्य संघ | संस्था नेतृत्व विकास तालिम | २५०००० | ३७५०० | ३७५० | ३३७५० |
| २८५।२०७८।३।२० | आश्राङ सामुदायिक विकास संस्था | कृषकका लागि डिजिटल ई चौतारी साझेदारी कार्यक्रम | ३००००० | ४५००० | ४५०० | ४०५०० |
| | | | | | **जम्मा रकम रु.** | **१४५१२५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **भ्रमण अवधिको बैठक भत्ता** | ४,०८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भ्रमण खर्च नियमावली,२०६४को नियम ७ को उप नियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ।पालिकामा नमुना परीक्षण गर्दा निम्न बमोजिमका कर्मचारीहरुलाई भ्रमण अवधिको बैठक भत्ता भुक्तानी गरेको देखियो।तसर्थ दोहोरो सुविधा रकम असुल हुनु पर्ने रु.
<table>
<tr><th>गो भौ नं र मिति</th><th>कर्मचारी</th><th>भ्रमण अवधि</th><th>बैठक संख्या</th><th>दर</th><th>कर बाहेक रकम</th></tr>
<tr><td>५३।२०७८।७।१६ र</td><td>खम्वराज राई</td><td>२०७८।७।१ देखि ऐ १४ सम्म</td><td>४</td><td>१२००</td><td>४०८०</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु.४१,९९०।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>जिन्सी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १०३(१)मा कुनै कर्मचारी सरुवा बढुवा तथा अवकास हुँदा वा अन्य कुनै कारणले आफु कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद वा जिन्सी मालसामान बर बुझारथ गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाका सव इन्जिनियर श्री विक्रम थापाले आफ्नो करार सेवा समाप्त पश्चात पनि आफ्नो जिम्मामा रहेको बा २ प ४१२४ नम्वर को १५० सि सि को पल्सर बाइक बरबुझारथ गरेको देखिएन।तसर्थ उल्लेखित जिन्सी सामान फिर्ता गरी जिन्सी व्यबस्थापन अद्यावधिक गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>परामर्श सेवा<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायले अफ्नो निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसंगको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा कुनै व्यक्ती फर्म संस्था वा कम्पनी बाट सेवा खरीद गर्न सक्ने व्यवस्था रहेको छ । परामर्शदाता बाट प्राप्त रिर्पोट तथा प्रतिवेदन निकायका सम्पति हुने हुँनाले दाखिला गरी राख्नु पर्दछ ।दिर्घकालिन योजना नीति तथा रणनीति तयार गर्ने क्रममा तिनै रिर्पोट तथा प्रतिवेदनलाई आधार बनाउनु पर्दछ । पालिका छड्के जाँच गर्दा फर्म संस्था तथा व्यक्ती बाट जम्मा रकम रु ३१८३२६४।०० बराबरको सेवा परामर्श खरिद गरेको देखिएको छ । पालिकाले</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यकालागि प्रतिस्पर्धाको माध्यमले परामर्शसेवा खरिद गर्ने र यसरी खरिद गरीएका सेवा तथा परामर्श कार्यले पालिकालाई के कस्ता लाभ हासिल गर्न टेवा पुग्यो सोको प्रगती प्रतिवेदन वा प्रगती समिक्षा गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी छ । | |
| ४० | २५३ | २०७९-३-२५ | **प्रमाण पेस नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृत खम्बराज राई सहितका पदाधिकारीहरुलाई भत्ता वितरण गर्न इञ्जनियर माधव निरौलालाई रु.७७,३४०।- उपलब्ध गराएकोमा संलग्न भौचरमा रकम बुझेको प्रमाण नभएकोले कर बाहेक रु.६५,७३९।- रकम बुझेको भरपाई पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ६५,७३९ |
| ४१ | | | **मोटर भाडा**<br>पालिकालाई मोटर भाडा आवश्यक परे जिल्ला दररेट अनुसार आवश्यक कारण खुलाई लगबुक समेत राखी सरकारी रकम खर्च गर्नुपर्दछ । पालिकाले मोटर धनी मखमली घलेसँग जिल्ला दररेट नलिई सिधै मासिक रु.१,९८,०००।०० दरले ९ महिनाको रु.१७,८२,०००।- भडामा लिई रकम भूक्तानी दिएको छ । साथै मर्मत खर्च रु.१,५०,६२१।- औषत मासिक २५० लि. इन्धनको औषत मूल्य रु.३,९७,५००।— समेत रु.२३,३०,१२१।०० वार्षिक खर्च गरेको छ । पालिकामा मोटर छदाछदै उल्लेखित प्रमाण विना मोटर भाडा लेखेको नियमसम्मत नदेखिएको हुँदा पालिका प्रमुखलाई जिम्मेवार बनाई छानविन गर्नुपर्ने रु. | २,३३०,१२१ |
| ४२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन,२ ०६३ को दफा ८५(१ख) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यबस्था उल्लेख छ । पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा मसलन्द तथा कार्यालय सामग्री खरिद कार्य गर्दा नियम विपरीत टुक्रा पारी निम्न आपुर्तिकर्ताबाट निम्नानुसार सामग्री सोझै खरिद गरेको देखियो। खरिद कार्यलाई थप प्रभावकारी बनाउँन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेख्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>सामान आपूर्तकको नाम</th><th>विवरण</th><th>खर्च रु.</th></tr>
<tr><td>२५१।२०७९।३।२५</td><td>एस. एम. ट्रेडर्स एण्ड सप्लायर्स</td><td>फर्निचर</td><td>२२५८८५</td></tr>
<tr><td>२३६।२०७९।३।२४</td><td>ए. एस. प्रिन्टिङ्ग सोलुसन लगायत तीन पार्टी</td><td>कार्यालय सामान</td><td>७१०८२५</td></tr>
<tr><td>१३४।२०७९।१।१५</td><td>सोयम इन्टरप्राइजेज</td><td>कम्प्युटर प्रिन्टर लगायत</td><td>७४९४१६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१६८६१२६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td>३४</td><td>२०७८-५-२५</td><td>नाफामूलक संस्थालाई अनुदान<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले प्यूटार सहकारी संस्था लि. लाई भवन निर्माण गर्न रु.९,७०,०००।- भुक्तानी दिएको छ । उक्त संस्थाको आफ्नैं नाममा भएको जग्गाको लालपुर्जा, नक्सा पास लगायतका प्रमाण बेगर भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.</td><td>९७०,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>कार्यस्वीकार तथा कार्यसम्पन्न नभएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । देहायका निर्माण व्यवसायीबाट देहाय अनुसार कार्य गरेकोमा लेखापरीक्षण अवधिसम्म कार्यस्वीकार प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन श्रेस्तामा संलग्न नभएको हुँदा सोको प्रमाण पेस हुनुपर्ने रु.</td><td>५२,४४२,३४५.६८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं./मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>कामको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१३१।२०७८।१२।२९ गा.पा. पुँजीगत</td><td>शान्ति इन्फ्रास्ट्रक्चर प्रा.लि.</td><td>वडा नं. ३ भवन निर्माण</td><td>२३३१४७४.६५</td></tr>
<tr><td>२१।२०७८।२।२५ प्रदेश</td><td>शान्ति इन्फ्रास्ट्रक्चर प्रा.लि.</td><td>तल्लो सिम्ले मोटरबाटो निर्माण</td><td>७४९४५७३.००</td></tr>
<tr><td>विभिन्न प्रदेश</td><td>दुदराज निर्माण सेवा</td><td>मानेगाउँ झाँवलकोट सडक निर्माण</td><td>९४३४८२०.३६</td></tr>
<tr><td>विभिन्न प्रदेश</td><td>वंश गोपाल कन्स्ट्रक्सन प्रा.लि.</td><td>तीनपाने राडार एरिया विकास</td><td>१०६५१९१७.६७</td></tr>
<tr><td>१३।२०७९।३।६ संघीय</td><td>जी.यू.पि. प्रा.लि.</td><td>सिम्ले गढी भञ्याङ्ग खानेपानी योजना</td><td>२२५२९५६०.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५२४४२३४५.६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td>२१</td><td>२०७९-३-२५</td><td>बढी भुक्तानी<br>ठेकेदारलाई रकम भुक्तानी गर्दा सम्झौता अनुसार बढी नहुने गरी रकम भुक्तानी गर्नुपर्दछ । तल्लो सिम्ले मोटरबाटो निर्माण गर्न रु.७३,८५,४८९।६० को लागतमा शान्ती इन्फ्रास्ट्रक्चर प्रा.लि. सँग सम्झौता भएको थियो । तर प्रथम तथा अन्तिम बिलमा रु.७४,९४,५७२।- भुक्तानी दिएको देखियो । तसर्थ सम्झौता भन्दा रु.१,०९,०८३।४० बढी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१०९,०८३.४</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>ठेक्का बिल<br>पालिकाले क्रमागत योजनाहरूमा निर्माण व्यवसायीहरूलाई ठेक्का बिलवापत रकम भुक्तानी गर्दा अघिल्लो बिल वापतको कामको परिमाण सहितको रकम (Previous Bill) र यस बिलको कामको परिमाण सहित रकम (Current Bill) जोडी कुल परिमाण सहितको रकम भएको बिल (Upto Bill) को आधारमा म.ले.प.फारम अनुसारको प्रमाणित बिल भएपछि रकम भुक्तानी गर्नुपर्दछ । तर अधिकांश क्रमागत योजनामा तोकिए अनुसार ठेक्का बिल (म.ले.प.फारम) तयार गरेको छैन।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यसबाट निर्माण व्यवसायीलाई सम्झौता भन्दा बढी रकम भुक्तानी हुने जोखिम देखियो । यससम्बन्धमा कार्यालय प्रमुखको रोहवरमा छलफल र इन्जिनियरसँग अभिलेख माग गर्दा प्राप्त हुन सकेन । क्रमागत योजनाको भुक्तानी सम्बन्धमा यकिन गरी प्रतिवेदन पेस गर्नुपर्दछ । केही उदाहरणहरू निम्न अनुसार छन्ः
<table>
<tr><th>भौ.नं./मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२३।२०७९।३।२३</td><td rowspan="2">दुदराज निर्माण सेवा प्रा.लि.</td><td rowspan="2">मानेगाउँ माझकोट सडक</td><td rowspan="2">६०७५३२३</td></tr>
<tr><td>२२।२०७९।३।२५</td></tr>
<tr><td>विविध</td><td>वंश गोपाल कन्स्ट्रक्सन प्रा.लि.</td><td>तीपाने राडार एरिया विकास कार्यक्रम</td><td>९४६८२१३</td></tr>
<tr><td>१३।२०७९।३।६</td><td rowspan="2">जि.यु.पि. प्रा.लि.</td><td rowspan="2">सिम्ले गढी भञ्याङ्ग खानेपानी</td><td rowspan="2">१८९८७५४७</td></tr>
<tr><td>३०।२०७९।३।२५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३४५३१०८३</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>बीमा खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्य शुरु गर्नु अगावै सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मितिबाट डिफेक्ट ल्याविलिटीसम्म कभर गर्ने बीमाको पोलिसी सहित रकम तिरेको विजक पेस हुनुपर्नेमा देहायअनुसारका निर्माण व्यवसायीले बीमा खर्च, ल्याब खर्च तथा एजविल ड्रइङ्गवापतको रकम बीमा प्रमाण भुक्तानी लिएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>कामको विवरण</th><th>बीमा खर्च</th></tr>
<tr><td>३।२०७९।३।२५</td><td>जि.यू.पी. प्रा.लि.</td><td>सिम्ले गढी भन्ज्याङ्ग खानेपानी योजना</td><td>२०००००</td></tr>
<tr><td>११।२०७९।३।२</td><td>वंश गोपाल कन्स्ट्रक्सन प्रा.लि.</td><td>तीनपाने राडार एरिया विकास कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०००००</td></tr>
</table></td><td>३००,०००</td></tr>
<tr><td>४८</td><td>७२</td><td>२०७८-</td><td>कागजात बेगर भुक्तानी</td><td>५,२४४,३४८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td>६-१७</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । झाँकिडाँडा महांकाल खोला सडक रु.१,०६,७१,२०६।८४ को लागतमा मिति २०७८।३।२० मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी सम्झना इञ्जिनियरिङ्ग एण्ड विल्डर्ससँग मिति २०७७।९।२१ मा सम्झौता भएको थियो । उक्त काम सम्पन्न गर्न मिति २०७९।२।२१ सम्म म्याद थप भएको छ । निर्माण व्यवसायीलाई आर्थिक अन्तमा रु.९१,०६,६६८।५५ भुक्तानी दिएको जानकारी पालिकाले दिएपनि ठेक्का बिल संलग्न फाँटबारीमा देखिएन । साथै निर्माण व्यवासयीले रु.५९,७४,९३०।- को विजक जारी गरेपनि पालिकाले यस भौचरबाट रु.५२,४४,३४८।- भुक्तानी दिएको छ । लेखापरीक्षण अवधिमा ठेक्का सम्झौता, ठेक्का बिल, बैङ्क जमानत विवरण तथा पेस्कीको बैङ्क जमानत सहितको विवरण पेस नभएकोले सोको प्रमाण पेस हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>डीपीआर खर्च<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>खुटार खयरघारी रंगशाला</td><td rowspan="2">पार्क इञ्जिनियरिङ्ग एण्ड सर्भिस प्रा.लि.</td><td rowspan="2">१००००००</td><td rowspan="2">९८३२२३</td><td>१४४८५४०००</td></tr>
<tr><td>वुटारधनीडाँडा आश्रम सडक स्तरोन्नति</td><td>१७४९०००००</td></tr>
<tr><td>तल्लो सिम्ले मोटरबाटो</td><td>रासी मेची इञ्जिनियरिङ कन्सल्टेन्सी</td><td>५०००००</td><td>२७१२००</td><td>१७७९०००००</td></tr>
<tr><td>जम्माः</td><td></td><td>१५०००००</td><td>१२५४४२३</td><td>४९७६५४०००</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ५० | | | **निर्माण व्वसायीबाट काम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । पालिकामा देहायका उपभोक्ता समितिले लिएको काम आफैं नगरी सामान सप्लाई गर्ने निर्माण व्यवसायी मार्फत नै रु.२,६१,०३,८७७।५३ मूल्यका काम गराएको देखिन आयो । यससम्बन्धमा ब्यवस्थापनसंग छलफल समेत भएको छ। उपभोक्ताले लागत अनुमानको ५ देखि १० प्रतिशतसम्म व्यहोर्ने गरी सम्झौता गरेको छ । पालिकाले प्राविधिक दृष्टिकोणले जस्तै बाटो ढलान गर्ने, भवन बनाउने जस्ता काम उपभोक्ता समितिबाट गराउनु उपयुक्त देखिएन । लागत हाराहारीमा उपभोक्ता समितिबाट काम गराउँदा गुणस्तरमा प्रश्न उठ्ने, नेपाल सरकारलाई प्राप्त हुने मूल्य अभिवृद्धि कर छुट हुने, एक स्थानबाट सामान प्राप्त गरी असम्बन्धित सप्लायर्सको विजक फाँटबारीमा समावेश गर्ने जस्ता अवस्था देखिएका छन् । यस सम्बन्धमा पालिकाबाटै छानविन गरी प्रतिवेदन पेस हुनुपर्दछ । केही उदाहरण निम्न अनुसार छन्: | |

| भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | भुक्तानी |
|---|---|---|---|---|
| २५२।२०७९।३।२५ | माथिल्लो सुभाने जाने मोटरबाटो निर्माण उपभोक्ता समिति | ३२५९२४ | चेवो ट्रेड लिङ्क प्रा.लि. | ३८२१८८ |
| २४५।२०७९।३।२४ | पाखोला छोकर मोटरबाटो निर्माण उपभोक्ता समिति | ७२४४८६ | गौतम कन्सल्टयान्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ८०७९५० |
| २४२।२०७९।३।२४ | खानिडाँडा मोटर बाटो मर्मत उपभोक्ता समिति | ८१९५४ | लावा कृष्ण कन्स्ट्क्सन प्रा.लि. | १००००० |
| २४१।२०७९।३।२४ | वन कार्यालय माथी जाने मोटर बाटो निर्माण उपभोक्ता समिति | ८५०५४ | चेवो ट्रेड लिङ्क प्रा.लि. | ८५०५४ |
| २३४।२०७९।३।२३ | वडा नं ५ बाटो सोरसार उपभोक्ता समिति | २८३००० | अमनी कन्स्ट्रक्सन प्रा.लि. | ३२३७५५ |
| २३३।२०७९।३।२३ | विपद् व्यवस्थापन उपभोक्ता समिति | ४३४२५७ | अमनी कन्स्ट्रक्सन प्रा.लि. | ४०५००० |
| २३२।२०७९।३।२३ | परिवास सल्ले छोटो दुरीको मोटरबाटो तथा चौतारा निर्माण | १८७४२५ | अमनी कन्स्ट्रक्सन प्रा.लि. | ११६३४५ |
| २३१।२०७९।३।२३ | घट्टेखोला खेलकुद चौर निर्माण उपभोक्ता समिति | १५२३५८ | अमनी कन्स्ट्रक्सन प्रा.लि. | १६९२८७ |
| २२७।।२०७९।३।२३ | गहुँबारी ढुङ्गेबारी मोटरबाटो निर्माण उपभोक्ता | ३७२३५३ | कुललाल कन्स्ट्रक्सन वासिङ्ग एण्ड | ४१६९७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | समिति | | सप्लायर्स प्रा.लि. | |
| २२५।।२०७९।३।२३ | वडाका साना तथा छोटा दुरी सडक निर्माण तथा मर्मत उ.स. | २८८३१० | हिल साइड कन्स्ट्रक्सन प्रा.लि. | ३२८२६५ |
| २२४।२०७९।३।२२ | बागमती खोला ह्युमपाइप व्यवस्थापन खुर्मी उपभोक्ता समिति | ४७८१२ | हिल साइड कन्स्ट्रक्सन प्रा.लि. | ५४१२७ |
| २२३।२०७९।३।२२ | पालिकाभरि मोटरबाटो सोरसार वडा नं ७ उपभोक्ता समिति | २८६७७२ | हिल साइड कन्स्ट्रक्सन प्रा.लि. | ३२७८१३ |
| २०६।२०७९।३।२० | वडारे गिम्दी भञ्याङ मोटरबाटो निर्माण उ.स. | १८०५२५ | हिल साइड कन्स्ट्रक्सन प्रा.लि. | २०२०४४ |
| २०१।२०७९।३।१९ | गढीभञ्याङ थोकर टोल जाने मोटरबाटो उपभोक्ता समिति | २४१३९० | चेवो ट्रेड लिङ्क प्रा.लि. | २६८२११ |
| २००।२०७९।३।१९ | घ्याम्पे दह हुदै वाल कल्याण आ वि मोटरबाटो निर्माण उपभोक्ता समिति | १४३८३० | विन्धवासिनी कन्स्ट्रक्सन | १६०००० |
| १९४।२०७९।३।१९ | तालुकडाँडा जिम्बाडाँडा मोटर बाटो निर्माण बागमती गा.पा.-१ उ.स | १४५५००० | तिमिल्सिना कन्स्ट्रक्सन | १६४५३८० |
| १९३।२०७९।३।१९ | घट्टेडाँडा मोटरबाटो उपभोक्ता समिति | ६५६००० | विन्धवासिनी कन्स्ट्रक्सन | ७२८८७९ |
| १८३।२०७९।३।१५ | यास्पा आ.वि माथिल्लो बस्ति मोटरबाटो निर्माण उपभोक्ता समिति | ९७००० | अमनी कन्स्ट्रक्सन | ११५२६० |
| १८२।२०७९।३।१५ | भालुखोला साउने खोला मोटरबाटो उ.स. | २८९४३५ | अमनी कन्स्ट्रक्सन | २८९४२९ |
| १६९।२०७९।३।१४ | गाउँपालिका भरी सोरसार उ.स. | २७६२५० | चेवो ट्रेड लिङ्क प्रा.लि. | ३०६९४५ |
| १६७।२०७९।३।९ | घैयाडाँडा मोटरबाटो निर्माण उपभोक्ता समिति | १७८१०२ | सक्षम निर्माण सेवा | १९७९०० |
| १५५।२०७९।२।३० | कटुवा बेंसी हुदै पशुपति मन्दिर जाने मोटरबाटो उपभोक्ता समिति | २८९००० | धनलक्ष्मी इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | २५९०७० |
| १५४।२०७९।२।३० | देउराली हुँदै तल्लो टोल जाने मोटरबाटो उपभोक्ता समिति | १९२५७० | चेवो ट्रेड लिङ्क प्रा.लि. | २११९७६ |
| १५३।२०७९।२।२० | सालघारी मोटरबाटो निर्माण उपभोक्ता समिति | २७८७७९ | विन्धवासिनी कन्स्ट्रक्सन | ३१३००० |
| १५०।२०७९।२।२३ | देउराली ठाँटी स्कूल हुदै बाँजो खेत मोटर बाटो निर्माण उपभोक्ता समिति | ४०५५९७ | चेवो ट्रेड लिङ्क प्रा.लि. | ४०५५९७ |
| १३९।२०७९।२।१२ | विपद् व्यवस्थापन उपभोक्ता समिति | ४८५००० | Adwitiya Construction Pvt. Ltd. | ५६५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३१२।२०७९।३।२४ चालु | विपद् व्यवस्थापन उपभोक्ता समिति | १४१७६५ | अनमी कन्स्ट्रक्सन | ५५३७०० | |
| | | | १२२।२०७८।१२।११ | विध्याधिश्वरी हुदै भालुखोला मोटरबाटो निर्माण उपभोक्ता समिति | १६३३६१० | विन्धवासिनी कन्स्ट्रक्सन | १८१५७२३ | |
| | | | १०५।२०७८।९।१२ | घुसेल मोटरबाटो सोरसार उ.स. | १९४००० | गौतम कन्सन्टयान्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | २२०००० | |
| | | | १०४।२०७८।९।२९ | माल्टा वडा भरी सडक सोरसार उ.स. | ६२३६६५ | अनमी कन्स्ट्रक्सन | ६९२७४६ | |
| | | | १०३।२०७८।९।२९ | भट्टेडाँडा वडा भरी सडक मर्मत सोरसार उ.स. | ७४८७७० | अनमी कन्स्ट्रक्सन | ८४४११० | |
| | | | १०२।२०७८।९।२२ | पुरानो मोटरबाटो मर्मत सोरसार उ.स. वडा नं. ४ | ७३३४६२ | सुरेश एण्ड राजेश सप्लायर्स एण्ड हाउजिङ | ८३१०७२ | |
| | | | १०१।२०७८।९।२९ | ५ नं. वडाको सडक मर्मत संभार उ.स. | ८५४८१५ | गौतम कन्सन्टयान्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ५००००० | |
| | | | | | | सम्बद्ध पासो सप्लायर्स प्रा.लि. | ५००००० | |
| | | | १००।२०७८।९।२३ | आश्राङ्ग मोटरबाटव मर्मत उ.स. | ७६९६०० | भूमिपुत्र कन्स्ट्रक्सन | ८६२००० | |
| | | | ९९।२०७८।९।२९ | मोटरबाटो मर्मत तथा सोरसार उ.स. वडा नं. ७ | ७५४०१६ | हिलासाइड कन्स्ट्रक्सन प्रा.लि. | ८४०५७३ | |
| | | | ९७।२०७८।९।२६ | ७ वडा साना छोटा दुरीका सडक निर्माण तथा मर्मत उ.स. | २८९००० | हिलासाइड कन्स्ट्रक्सन प्रा.लि. | ३२५११२ | |
| | | | ६२।२०७८।५।२७ | विद्याधिश्वरी हुँदै टेलिफोन टावर जोड्ने मोटरबाटो उ.स. | ४८०९३८ | भूमिपुत्र कन्स्ट्रक्सन | ५४०००० | |
| | | | ६०।२०७८।५।२७ | सिम्ले मोटरबाटो स्तरउन्नति उ.स. | १३४१९४९ | चेवो निर्माण सेवा | १४९०९९५ | |
| | | | ५७।२०७८।५।२७ | गहुँबारीबाट ढुङ्गेपानी मोटरबाटो उ.स. | ४८५००० | धर्म कन्स्ट्रक्सन प्रा.लि. | ४८४९९६ | |
| | | | ५६।२०७८।५।२७ | गणेशढुङ्गा हुँदै बाझोखेत जाने मोटरबाटो उ.स. | ३८४९३० | चेवो निर्माण सेवा | ९२९७४५ | |
| | | | २३।२०७८।५।२७ | चिलागाउँ तल्लोगोठ मोटर सोरसार उ.स. | ८२४१९ | मुनलाइट निर्माण सेवा प्रा.लि. | ९०००० | |
| | | | ४५।२०७८।५।२६ | आश्राङ्ग खेलकुद मैदान उ.स. | २५९०८८ | भूमिपुत्र कन्स्ट्रक्सन | ३००००० | |
| | | | ४१।२०७८।५।२६ | आश्राङ हेल्थपोष्ट मानबहादुरको घरजाने मोटरबाटो निर्माण उ.स. | ४२४७०२ | भूमिपुत्र कन्स्ट्रक्सन | ४८०००० | |
| | | | ३८।२०७८।५।२६ | सुमाने माथिल्लो भेग मोटर निर्माण सेवा | ९२०९१९ | वेटर क्वालिटी कन्स्ट्रक्सन सप्लायर्स एण्ड रियल स्टेट प्रा.लि. | १०३४१७६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७।२०७८।५।२६</td><td>माझखण्ड वडिकउन मोटरबाटो निर्माण उ.स.</td><td>६५४४३६</td><td>भूमिपुत्र कन्स्ट्रक्सन</td><td>६३२६३६</td></tr>
<tr><td>२३।२०७८।५।२५</td><td>ध्याम्पे दह हुँदै बालबल्याण आ.वि. मोटरबाटो उ.स.</td><td>१२१२३०</td><td>भूमिपुत्र कन्स्ट्रक्सन</td><td>१८१२३०</td></tr>
<tr><td rowspan="2">२२।२०७८।५।२५</td><td rowspan="2">वडा भरिका मोटरबाटो सोरसार उ.स. वडा नं. ५</td><td rowspan="2">१२५१७६०</td><td>सम्बद्ध पासा सप्लायर्स</td><td>५०००००</td></tr>
<tr><td>एडभान्स निर्माण सेवा</td><td>७९१७९१</td></tr>
<tr><td>१८।२०७८।५।२५</td><td>काउसे आ वि भैरवथुम मोटरबाटो निर्माण उपभोक्ता समिति</td><td>२५५४५४</td><td>वेटर क्वालिटी कन्स्ट्रक्सन सप्लायर्स</td><td>३०५५५२</td></tr>
<tr><td>१७।२०७८।५।२५</td><td>मोटरबाटो मर्मत तथा सोरसार उ.स. वडा नं. ७</td><td>१८९९२६</td><td>हिल साइड कन्स्ट्रक्सन</td><td>२१३००५</td></tr>
<tr><td>१४।२०७८।५।२५</td><td>धारे पाउनडाँडा सडक निर्माण उपभोक्ता समिति</td><td>३६९०६८</td><td>मुनलाइट निर्माण सेवा प्रा.लि.</td><td>४७४६००</td></tr>
<tr><td>१०।२०७८।५।१९</td><td>थाडसिनटार जाने मोटरबाटो निर्माण उपभोक्ता समिति</td><td>४५१२२४</td><td>चेवो निर्माण सेवा</td><td>४८४६७०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२६१०३८७८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । वडा नं. ५ इकुडोल वडा भरीका बाटो सोरसार उपभोक्ता समितिलाई बाटो सोरसार गरेवापत रु.१२,५१,७६०।- दिएको छ । उपभोक्ताले पेस गरेको कार्य बिलमा मानिसबाट काम भएको देखिँदैन । उपभोक्ताले पेस गरेको निर्माण कम्पनीहरू एडभान्स निर्माण सेवा प्रा.लि. लाई रु.७,९१,७९१।- र सम्बद्ध पासा सप्लायर्सलाई रु.५,००,०००।— समेत रु.१२,९१,७९१।- भुक्तानी दिएको छ । सम्झौतामा कुल कामको १० प्रतिशत उपभोक्ताले व्यहोर्ने उल्लेख भएअनुसार वास्तविक खर्चको १० प्रतिशतले हुने रु.१२,९१७।९० उपभोक्ताबाट र बाँकी रु.११,६२,६११।१० मात्र पालिकाले व्यहोर्नुपर्नेमा रु.१२,५१,७६०।- व्यहोरेको छ । बढी भुक्तानी भएको रु.८९,१४८।९० उपभोक्ताबाट असुल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रु.</td><td>८९,१४८.९</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>निस्कृय खाता<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ७ वटै वडाको चारवटै त्रैमासिकको भत्ता बैङ्क मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन । कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>दोहोरो खाता<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७७ को अनसूची १० अनुसार गाउँ/नगरपलिबाट रकम प्राप्त हुनासाथ बैङ्कले लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (REVERSE FEED) र बाँकी रकम भए सो रकम समेतको जानकारी गाउँ/नगरपालिकालाई गराई उक्त बाँकी रकम चौमासिक रुपमा समायोजन गरी वितरण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले ७ वटै वडाको बैङ्क मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्न निकासा उपलब्ध गराएकोमा सम्बन्धित बैङ्कले उपलब्ध गराएको अनुसूची-१० बमोजिमको विवरणको लेखापरीक्षण गर्दा निम्नानुसार फरक फरक लाभग्राहीको भत्ता एउटै खातामा जम्मा भएको देखिन्छ । सो सम्बन्धमा सो सम्बन्धमा पालिकाबाट यकिन गर्नुपर्दछ।
<table>
<tr><th>किस्ता</th><th>वडा नं.</th><th>परिचयपत्र नं.</th><th>लाभग्राहीको नाम</th><th>बैङ्क खाता नं.</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>६</td><td>१९९४१२१२००३०४</td><td>Thulimaya Lo</td><td>७९००५७१७४६००००१</td><td>१२०००</td></tr>
<tr><td>१</td><td>६</td><td>२०२६१११३००६१५</td><td>Thulimaya Lo</td><td>७९००५७१७४६००००१</td><td>७९८०</td></tr>
<tr><td>१</td><td>६</td><td>२००००११५०८१७१</td><td>Thuli Maya Syangtaan</td><td>७९००५७४१५००००००१</td><td>१२०००</td></tr>
<tr><td>१</td><td>६</td><td>२०११०११५००७६१</td><td>Thulimaya Syangtan</td><td>७९००५७४१५००००००१</td><td>७९८०</td></tr>
<tr><td>१</td><td>६</td><td>२०१५०५१०००६१६</td><td>Rama Devi Dangaal</td><td>७९००५७४५२२००००१</td><td>७९८०</td></tr>
<tr><td>१</td><td>६</td><td>२०१५०५१००८२८८</td><td>Ramadevi Dangal</td><td>७९००५७४५२२००००१</td><td>११९७०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १ | २००१०११७०५००७ | Suku Maya Thing | ६१००५८०७२१००००१ | १२००० |
| २ | १ | २०३१११२३००१८४ | Sukumaya Thing | ६१००५८०७२१००००१ | ७९८० |
| २ | १ | १९८६०११५००३१३ | Akarnabahadur Mahat | ७९००६०८३२६००००१ | १२००० |
| २ | १ | २००१०११४००७७३ | Bale Nagarkoti | ७९००६०८३२६००००१ | १२००० |
| ३ | १ | २००१०११७०५००७ | Suku Maya Thing | ६१००५८०७२१००००१ | १२००० |
| ३ | १ | २०३१११२३००१८४ | Sukumaya Thing | ६१००५८०७२१००००१ | ७९८० |
| ३ | १ | १९८६०११५००३१३ | Akarnabahadur Mahat | ७९००६०८३२६००००१ | १२००० |
| ३ | १ | २००१०११४००७७३ | Bale Nagarkoti | ७९००६०८३२६००००१ | १२००० |
| ४ | १ | २००१०११७०५००७ | Suku Maya Thing | ६१००५८०७२१००००१ | १२००० |
| ४ | १ | २०३१११२३००१८४ | Sukumaya Thing | ६१००५८०७२१००००१ | ७९८० |
| ४ | १ | १९८६०११५००३१३ | Akarnabahadur Mahat | ७९००६०८३२६००००१ | १२००० |
| ४ | १ | २००१०११४००७७३ | Bale Nagarkoti | ७९००६०८३२६००००१ | १२००० |
| ४ | ४ | २००५०१२१०२०७२ | Thuli Maya Lama | ७९०१०००२३७००००१ | १२००० |
| ४ | ४ | २००५१२३३५१३११ | Thulimaya Lama | ७९०१०००२३७००००१ | १२००० |
| | | | | **जम्मा** | **२१५८५०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>अनुदान कार्यक्रमः<br>सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराएने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि, पशु, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिदमा अनुदान दिई संघीय सशर्त शिर्षकबाट मात्र रु.५३,२२,०००।खर्च गरेको छ तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि समेत मापन गरेको छैन।साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नभएको ,कतिपय अनुदानमा प्राविधिक मुल्यांकन सहित भुक्तानी हुनु पर्नेमा वील भर्पाई,डोर हाजिरीका आधारमा भुक्तानी भएको देखियो।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनु पर्दछ।अनुदानका कार्यक्रमहरु निम्न अनुसार रहेको छ ।
<table>
<tr><th>कार्यक्रम</th><th>विवरण</th><th>खर्च रकम</th><th>अनुदान प्रतिशत</th><th>कैफियत</th></tr>
<tr><td>पकेट संचालन निरन्तरता वडा नं ३, ४, ५ र ६</td><td>५४ वटा प्लास्टिक टनेल निर्माण लगायत अन्य</td><td>११९००००।</td><td>५० प्रतिशतअनुदानमा</td><td>निर्माण भएको टनेलको कार्यसम्पन्न प्रतिबेदन सम्बन्धित प्राविधिकबाट तयार गरी प्रमाणित गर्नुपर्नेमा सो नगरेको।</td></tr>
<tr><td>तरकारी पकेट स्थापना वडा नं ७</td><td>६० वटा प्लास्टिक घर निर्माण लगायत अन्य</td><td>११८५०००।</td><td>५० प्रतिशतअनुदानमा</td><td>निर्माण भएको प्लास्टिक घरको कार्यसम्पन्न प्रतिबेदन सम्बन्धित प्राविधिकबाट तयार गरी प्रमाणित गर्नु पर्नेमा सो नगरेको।</td></tr>
<tr><td>फलफुल नर्सरी स्थापना वडा नं ४</td><td></td><td>७६५०००।</td><td>५० प्रतिशत अनुदानमा</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>फलफुल दशक विरुवा रोपण</td><td></td><td>४९३०००।</td><td>१०० प्रतिश अनुदानमा</td><td></td></tr>
<tr><td>आलु पकेट कार्यक्रम वडा नं २,४,६ र ७</td><td>७१ वटा प्लास्टिक टनेल निर्माण लगायत अन्य</td><td>५९५०००।</td><td>५० प्रतिशतअनुदानमा</td><td>निर्माण भएको टनेलको कार्यसम्पन्न प्रतिबेदन सम्बन्धित प्राविधिकबाट तयार गरी प्रमाणित गर्नु पर्नेमा सो नगरेको।</td></tr>
<tr><td>पशु कार्यक्रमः<br>बाख्रा पकेट निरन्तरता वडा नं २,४,६,७</td><td>२० वटा खोर निर्माण</td><td>७०००००।</td><td>५० प्रतिशत अनुदानमा</td><td>निर्माण भएको खोरको कार्यसम्पन्न प्रतिबेदन सम्बन्धित प्राविधिकबाट तयार गरी प्रमाणित गर्नु पर्नेमा सो नगरेको।</td></tr>
<tr><td>गर्भधान मिसन</td><td></td><td>३९४०००।</td><td>१०० प्रतिशतअनुदानमा</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५३२२०००।</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>नम्स भन्दा बढी भुक्तानीः<br>&.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु.२८,८००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>कार्यक्रम अनुगमनः<br>बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुलाई कार्यक्रम अनुगमन गरेबापतको भत्ता भुक्तानी दिन मिल्ले देखिदैन।साथै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ मा कार्यक्रम संचालनको अनुगमन बापत कर्मचारी तथा पदाधिकारीलाई अनुगमन भत्ता भुक्तानी दिन मिल्ले देखिदैन।पालिकाले निम्न बमोजिमको कार्यक्रम संचालनमा कार्यक्रम अनुगमन बापतको भत्ता रकम रु १६००। का दरले भुक्तानी गरेको देखियो।यस्ता प्रकारका कार्यक्रम अनुगमन भत्ता १ दिनको कार्यक्रममा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>९ जना सम्म कर्मचारी तथा पदाधिकारी राखी, अनुगमन प्रतिबेदन समेत संलग्न नराखी भुक्तानी भएको देखियो।यस प्रकारको खर्चमा नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>भौचर नं र मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी</th><th>रकम कर बाहेक</th></tr>
<tr><td rowspan="2">१०४,३।१९</td><td>वित्त पहुँच तथा बजारीकरण कार्यक्रम वडा नं ६ र ७ मा १।१ दिने</td><td rowspan="2">रुपा तिमल्सिना पेश्की फछ्र्यौट</td><td rowspan="2">२२२७०।</td></tr>
<tr><td>( गा पा उपाध्यक्ष भक्त बहादुर दर्लामी लगायत ९ जनालाई रु १६००।का दरले रु २७२००। )</td></tr>
<tr><td rowspan="4">११५,३।२१</td><td>वडा नं २,४,६ र ७ मा २ दिने बाख्रा पालन तालिम अनुगमन</td><td rowspan="4">बागमती बाख्रा पालन समिति</td><td rowspan="4">५१८५०।</td></tr>
<tr><td>( गा पा अध्यक्ष विर बहादुर लोप्चन ४ दिन लगायत ७ जनालाई रु १६००० )</td></tr>
<tr><td>वडा नं २,४,६ र ७ मा खोर निर्माण कार्यको अनुगमन</td></tr>
<tr><td>( गा पा अध्यक्ष विर बहादुर लोप्चन ८ दिन लगायत ७ जनालाई रु ४५०००।)</td></tr>
<tr><td rowspan="2">१०२,३।१६</td><td>किसान सुचिकरण कार्यक्रम</td><td rowspan="2">सुवास खनाल र राम प्रसाद सापकोटा</td><td rowspan="2">२३८००।</td></tr>
<tr><td>( गा पा उपाध्यक्ष भक्त बहादुर दर्लामी ४ दिन लगायत ७ जनालाई रु १०००।का दरले रु २८०००। )</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९७९२०।</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>प्रविधि हस्तान्तरणः<br>प्रबिधि हस्तान्तरण कार्यक्रमः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था उल्लेख छ । पालिकाले संघीय सशर्त शिर्षकको भौचर नं १५१ मिति २०७९।३।२४ मा एस वि मल्टि विजनेश कम्पनी प्रा. लि. बाट</td><td>२१७,७०५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिलाई मेशिन १० थान लगायतका १६ आईटम्सका सामान खरिद भएकोमा सो को वितरण भर्पाई स्रेस्ताका साथ संलग्न भएको देखिएन। तसर्थ कसलाई वितरण भएको हो सो भर्पाई पेश हुनु पर्ने रु | |
| ५९ | | | **दोहोरो सुविधाः**<br>नेपाल सरकार मन्त्रिपरिषद् को मिति २०७२ माघ ८ गतेको बैठकको निर्णयमा सार्वजनिक पद धारण गरेको व्यक्तिले सेवा अवधिमा अरु सरकारी पद वा सेवा सुविधा र अवकाश पश्चात पनि पुन दोहोरो सेवा सुविधा भुक्तानी लिन नमिल्ने व्यहोरा उल्लेख छ ।पालिकाले संघीय सशर्त शिर्षक अन्तर्गतका कार्यालय सहयोगी शोभा चमरेललाई महिला स्वास्थ्य स्वयंसेविकाको समेत सुविधा तथा पारिश्रमिक भुक्तानी गरेको देखियो। यसरी एकै व्यक्तिले दुई पद धारण गरेको सेवा सुविधामा दोहोरो भुक्तानी भौचर नं १०५ बाट स्वयंसेविका यातायात खर्च रु १२०००। र भौचर नं ७७ बाट पोशाक खर्च रु ९९००। लगायतका बर्ष भरीका सुविधा कति भुक्तानी भएको हो सो को पालिकाले यकिन गरी असुल गर्नु पर्ने रु | २१,९०० |
| ६० | | | **तलबी प्रतिबेदनः**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ को २(ख)मा कार्यालयले तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले स्वास्थ्य तर्फका कर्मचारीको तलबी प्रतिबेदन पारीत नगराई तलब तथा ग्रेड बापतको खर्च रकम भुक्तानी गरेको देखियो। पारित तलबी प्रतिबेदन बेगरको खर्च रकम सम्बन्धमा यकिन हुन सकिएन। तसर्थ ऐन तथा निर्देशिका बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| ६१ | | | **औंषधि खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले उक्त प्रक्रियावेगर संघीय सशर्त चालु शिर्षकको भौचर नं १११ मिति ०७९।३।२० मा रु. ९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लाख ९३ हजार दुई सय एकको औषधि मेडिगोल्ड ईन्टरनेशनल प्रा लि बाट Amoxicilling २५० एम जि लगायतका ७० आईटम्सका औषधि खरिदको बीलमा ब्याच नं र औषधिको उपभोग समाप्त मिति उल्लेख नगरेको औषधि खरिद गरेको देखियो। उत्पादन मिति, व्याच नं र कहिलेसम्म प्रयोग योग्य भन्ने विबरण नखुलेको औषधि तोकिएकै गुणस्तरको हो भन्नेमा विश्वस्त हुन सकिएन। औषधि खरिदमा विश्व स्वास्थ्य संगठनले तोकिएको मापदण्ड पुरा गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सरोकारका क्षेत्रहरुको सामाग्री तथा औषधिजन्य खरिदमा खरिद प्रकृयाको पालना गरी तोकिएको मापदण्ड बमोजिमका विषयमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>सेनेटरी प्याड वितरण<br>सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० को उपदफा (६) मा सेनेटरी प्याड वितरणको कार्यक्रम व्यवस्थित गर्ने सन्दर्भमा स्थानीय तहले विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग सत्यापन गरी सेनेटरी प्याड आवश्यक पर्ने छात्राहरुको संख्याको आधारमा यस कार्यविधि बमोजिम हुने गरी विद्यालयहरुको खातामा रकम निकासा गर्नसक्ने व्यवस्था छ । त्यस्तै कार्यविधिको दफा ६ को उपदफा (५) मा वितरण गरेको सेनिटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई सुरक्षित राख्ने व्यवस्था छ । पालिकाले भौ.नं. १३३।२०७९।३।२३ बाट १६ वटा विद्यालयलाई प्रति छात्रा रु.१२१५।— को दरले रु.८,३९,५६५।- अनुदान निकासा गरेको पाइयो । यसरी विद्यालयहरुलाई रकम निकासा पश्चात् विद्यालयले सेनेटरी प्याड खरिद गरी जिन्सी किताबमा आम्दानी बाँधी विद्यार्थीहरूलाई वितरण गरेको विवरण प्राप्त हुन नआएकोले वितरण गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>घुसेल मा.वि.</td><td>६०</td><td>७२९००</td></tr>
<tr><td>२</td><td>झांकलकोट आ.वि.</td><td>१०</td><td>१२१५०</td></tr>
<tr><td>३</td><td>कालिदेवी मा.वि. माल्टा</td><td>१००</td><td>१२१५००</td></tr>
<tr><td>४</td><td>महाकालीदेवी मा.वि.</td><td>३०</td><td>३६४५०</td></tr>
<tr><td>५</td><td>भट्टेडाँडा आ.वि.</td><td>१०</td><td>१२१५०</td></tr>
<tr><td>६</td><td>सातकन्या आ.वि.</td><td>१०</td><td>१२१५०</td></tr>
</table></td><td>८३९,५६५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>कालिदेवी मा.वि. प्यूटार</td><td>१००</td><td>१२१५००</td></tr>
<tr><td>८</td><td>चण्डेश्वरी आ.वि.</td><td>८</td><td>९७२०</td></tr>
<tr><td>९</td><td>खैरेनी आ.वि.</td><td>१०</td><td>१२१५०</td></tr>
<tr><td>१०</td><td>जनजागृति मा.वि.</td><td>५०</td><td>६०७५०</td></tr>
<tr><td>११</td><td>शारदा शिक्षा सदन</td><td>३०</td><td>३६४५०</td></tr>
<tr><td>१२</td><td>विज्ञान प्रभा आ.वि.</td><td>८</td><td>९७२०</td></tr>
<tr><td>१३</td><td>विद्याधिश्वरी मा.वि.</td><td>१००</td><td>१२१५००</td></tr>
<tr><td>१४</td><td>बालमनोरम आ.वि.</td><td>१५</td><td>१८२२५</td></tr>
<tr><td>१५</td><td>नारायणी मा.वि</td><td>१००</td><td>१२१५००</td></tr>
<tr><td>१६</td><td>जनक मा.वि.</td><td>५०</td><td>६०७५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६९१</td><td>८३९५६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>
छात्रवृत्ति वितरण<br>
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या यकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनामेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ.नं. १००।२०७९।३।१६ बाट निम्नानुसार विद्यालयहरुका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले भुक्तानी भएकोमा निम्नानुसार विद्यालयहरुले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>घुसेल मा.वि.</td><td>२६८००</td></tr>
<tr><td>२</td><td>महांकाल आ.वि.</td><td>७२००</td></tr>
</table>
</td><td>४२९,८००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>झाँगलकोट आ.वि.</td><td>२२४००</td></tr>
<tr><td>४</td><td>कालीदेवी मा.वि. माल्टा</td><td>५८०००</td></tr>
<tr><td>५</td><td>ज्ञानज्योति आ.वि.</td><td>९८००</td></tr>
<tr><td>६</td><td>महाकाली देवी मा.वि.</td><td>१०८००</td></tr>
<tr><td>७</td><td>भट्टेडाँडा आ.वि.</td><td>१०८००</td></tr>
<tr><td>८</td><td>सातकन्या आ.वि.</td><td>१८८००</td></tr>
<tr><td>९</td><td>कालीदेवी मा.वि. प्यूटार</td><td>२८०००</td></tr>
<tr><td>१०</td><td>चण्डेश्वर आ.वि.</td><td>९२००</td></tr>
<tr><td>११</td><td>खैरेनी आ.वि.</td><td>१८८००</td></tr>
<tr><td>१२</td><td>जनजागृति मा.वि.</td><td>१५२००</td></tr>
<tr><td>१३</td><td>शारदा शिक्षा सदन मा.वि.</td><td>२६८००</td></tr>
<tr><td>१४</td><td>विज्ञानप्रभा आ.वि.</td><td>१५२००</td></tr>
<tr><td>१५</td><td>विद्याधिश्वरी मा.वि.</td><td>३५६००</td></tr>
<tr><td>१६</td><td>बालमनोरमा आ.वि.</td><td>३४८००</td></tr>
<tr><td>१७</td><td>नारायणी मा.वि.</td><td>४५०००</td></tr>
<tr><td>१८</td><td>जनक मा.वि.</td><td>३६६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२९८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सामाजिक लेखापरीक्षण<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१० को ५.१ विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षणको लागि आधारभूत तथा माध्यमिक तहलाई प्रति विद्यालय क्रमशः रु.१०,०००।- र रु.१५,०००।— का दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस वर्ष पालिकाले निम्नानुसार विद्यालयहरूलाई</td><td>१९०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक लेखापरीक्षणको लागि भौ.नं. ५३।२०७९।११।२० बाट रकम निकासा दिएकोमा सामाजिक लेखापरीक्षण गराई पेस गरेको देखिएन । लेखापरीक्षण गर्नको लागि अनुदान दिएकोमा सो गरेको नदेखिएकोले सामाजिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. | |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | बालकुमारी आ.वि. | १०००० |
| २ | कालीदेवी मा.वि. | १५००० |
| ३ | त्रिखण्डी आ.वि. | १०००० |
| ४ | कालीदेवी आ.वि. | १०००० |
| ५ | बालचन्द्र आ.वि. | १०००० |
| ६ | महांकालीदेवी मा.वि. | १५००० |
| ७ | भट्टेडाँडा आ.वि. | १०००० |
| ८ | कालीदेवी मा.वि. प्यूटार | १५००० |
| ९ | देउराली आ.वि. | १०००० |
| १० | शान्ति आ.वि. | १०००० |
| ११ | ज्ञानोदय आ.वि. | १०००० |
| १२ | बालमनोरमा आ.वि | १०००० |
| १३ | नवज्योति आ.वि. | १०००० |
| १४ | भगवती आ.वि. | १०००० |
| १५ | जनक मा.वि. | १५००० |
| १६ | शाहुमारा आ.वि. | १०००० |
| १७ | काउसे आ.वि. | १०००० |
| | **जम्मा** | **१९००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५० सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः | |

| क्र.सं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार/राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ४६ सामुदायिक र ४ बालविकास केन्द्र | २५१ | २४८ | १४७ | ३८५९ |

**यस सम्बन्धमा निम्नानुसार देखिएको छः**

- यस पालिका अन्तर्गत ४६ सामुदायिक विद्यालय र ४ बालविकास केन्द्र समेत २५१ दरबन्दी रहेकोमा २४८ पदमा पदपूर्ति भएको र १४७ पदमा करार तथा राहत शिक्षक रहेको देखिन्छ । ती विद्यालयहरूमा EMS अभिलेख अनुसार कुल विद्यार्थी सख्या ३८५९ रहेको छ । दरबन्दी अनुसारको शिक्षक पदपूर्ति हुनुपर्दछ ।
- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा समायोजन गर्नुपर्दछ ।
- यस स्थानीय तह अन्तर्गत निम्नानुसार सामुदायिक विद्यालयहरूमा न्यून विद्यार्थी संख्या भएकाले विद्यालयहरू आवश्यकता र भौगोलिक कठिनाईको समेत विचार गरी मर्ज गर्नु उपयुक्त देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | यास्पा आ.वि. | १ | १ | १ | १३ |
| २ | बालकल्याण आ.वि. | १ | १ | १ | १३ |
| ३ | थुम्की आ.वि. | २ | २ | २ | १२ |
| ४ | नवज्योति आ.वि. | १ | १ | १ | ७ |
| ५ | शाहुमारा आ.वि. | १ | १ | १ | ७ |
| ६ | ओमशान्ति बाल विकास केन्द्र | १ | १ | १ | ६ |
| ७ | निलेश्वर बाल विकास केन्द्र | १ | १ | १ | ० |
| ८ | बालमनोरमा बाल विकास केन्द्र | १ | १ | १ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | ५३ | २०७८-११-२० | **विद्यालय सुधार योजना**<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१० को ५.१ विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिकको लागि आधारभुत तथा माध्यमिक तहलाई प्रति विद्यालय क्रमशः रु.१५,०००।- र रु.२०,०००।- का दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस वर्ष पालिकाले निम्नानुसार विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माणको लागि रकम निकासा दिएकोमा विद्यालय सुधार योजना पेश गेरको छैन । विद्यालयले समयमै विद्यालय सुधार योजना निर्माण गरी पेश गर्नुपर्ने रु. | ४५५,००० |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | घुसेल मा.वि. | २०००० |
| २ | बालकुमारी आ.वि. | १५००० |
| ३ | कालीदेवी मा.वि. | २०००० |
| ४ | भूमेश्वरी आ.वि. | १५००० |
| ५ | त्रिखण्डी आ.वि. | १५००० |
| ६ | कालीदेवी आ.वि. | १५००० |
| ७ | ज्ञानज्योति आ.वि. | १५००० |
| ८ | बालचन्द्र आ.वि. | १५००० |
| ९ | नागदेवी आ.वि. | १५००० |
| १० | महांकालीदेवी मा.वि. | २०००० |
| ११ | भट्टेडाँडा आ.वि. | १५००० |
| १२ | बाघभैरव आ.वि. | १५००० |
| १३ | यास्पा आ.वि. | १५००० |
| १४ | कालीदेवी मा.वि. प्यूटार | २०००० |
| १५ | खैरेनी आ.वि. | १५००० |
| १६ | फूर्केडाँडा आ.वि. | १५००० |
| १७ | देउराली आ.वि. | १५००० |
| १८ | जनजागृति मा.वि. | २०००० |
| १९ | शारदा शिक्षासदन मा.वि. | २०००० |
| २० | शान्ति आ.वि. | १५००० |
| २१ | बालमनोरमा आ.वि. | १५००० |
| २२ | नवज्योति आ.वि. | १५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | १०० | २०७९-३-१६ | **इन्टरनेट व्यवस्थापन खर्च**<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१० को ५.१ विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालय इन्टरनेट व्यवस्थापन खर्चको लागि प्रति विद्यालय रु.१२,०००।- का दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस वर्ष पालिकाले निम्नानुसार विद्यालयहरूलाई विद्यालय इन्टरनेट व्यवस्थापन खर्चको लागि रकम निकासा दिएकोमा इन्टरनेट जडान तथा शुल्क भुक्तानी गरेको विल भरपाई पेस गरेको छैन । विद्यालयले समयमै विल भरपाई पेश गर्नुपर्ने रु. | १९२,००० |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | घुसेल मा.वि. | १२००० |
| २ | झांकलकोट आ.वि. | १२००० |
| ३ | कालिदेवी मा.वि. माल्टा | १२००० |
| ४ | महाकालीदेवी मा.वि. | १२००० |
| ५ | भट्टेडाँडा आ.वि. | १२००० |
| ६ | सातकन्या आ.वि. | १२००० |
| ७ | कालिदेवी मा.वि. प्यूटार | १२००० |
| ८ | चण्डेश्वरी आ.वि. | १२००० |
| ९ | खैरेनी आ.वि. | १२००० |
| १० | जनजागृति मा.वि. | १२००० |
| ११ | शारदा शिक्षा सदन | १२००० |
| १२ | विज्ञान प्रभा आ.वि. | १२००० |
| १३ | विद्याधिश्वरी मा.वि. | १२००० |
| १४ | बालमनोरम आ.वि. | १२००० |
| १५ | नारायणी मा.वि | १२००० |
| १६ | जनक मा.वि. | १२००० |
| | **जम्मा** | **१९२०००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>बिल भरपाई पेस नभएको<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले एक विद्यालय एक नर्स कार्यक्रम संचालन तथा निरन्तरताका लागि भौ.नं. १५।२०८।१२।२३ बाट निम्नानुसार विद्यालयहरूलाई अभिभावक स्वास्थ्य परीक्षण, समुदाय स्वास्थ्य प्रवर्द्धन, अत्यावश्यक औषधि औषधिजन्य सामग्री खरिदका लागि रु.२,४४,८००।- निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म उक्त कार्यक्रमको बिल भरपाई पेस नभएकोले सोको भरपाई पेस हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकास रकम</th></tr>
<tr><td>१</td><td>कालीदेवी मा.वि. माल्टा</td><td>१२२४००</td></tr>
<tr><td>२</td><td>कालीदेवी मा.वि. प्यूटार</td><td>१२२४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४४८००</td></tr>
</table></td><td>२४४,८००</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>शीर्षक फरक<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले एक विद्यालय एक नर्स कार्यक्रम शीर्षकमा विनियोजन भएको रकम स्थानीय तहमा पूर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शय्यासम्मको अस्पताल संचालन निरन्तरता कार्यक्रम अन्तर्गतका स्वास्थ्यकर्मीहरूलाई तलब भत्तामा भौ.नं. २७।२०७९।३।२४ बाट रु.३,६६,३००।— र २८।२०७९।३।२५ बाट रु.६२,०००।— समेत रु.४,२८,३००।— भुक्तानी गरेको छ । यसरी एउटा शीर्षकमा विनियोजन भएको रकम बजेट सक्ने उद्देश्यले अर्को शीर्षकमा खर्च लेखिएको नियमसम्मत देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०</td><td>२६</td><td>२०७९-३-१९</td><td>न्यूनतम सेवा मापदण्ड<br>स्थानीय तहमा विनियोजित सशर्त अनुदान वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८।७९ को न्यूनतम सेवा मापदण्ड सुधारका लागि स्वास्थ्य संस्था (प्र.स्वा.के. हेल्थपोष्टलाई अनुदान कार्यक्रम) अनुसार समस्या सुधारका गर्न कार्ययोजना बनाउन लगाई सो कार्ययोजना अनुसार कार्य गर्न शर्त सहित सम्बन्धित स्वास्थ्य स्वास्थ संस्थाको खातामा रु.५० हजारका दरले अनुदान प्रदान गर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार ७ स्वास्थ्य चौकीलाई मार्गदर्शन विपरीत निम्नानुसार अनुदान प्रदान गरेको छ । अनुदानपश्चात पालिकाले सम्बन्धित स्वास्थ्य संस्थाको कार्य प्रगतिको अनुगमन पनि गरेको छैन । अतः मार्गदर्शन अनुसारको कार्ययोजना तथा विल भरपाई पेस गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>स्वास्थ्य संस्थाको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>घुसेल स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td>२</td><td>माल्टा स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td>३</td><td>भट्टेडाँडा स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td>४</td><td>प्यूटार स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td>५</td><td>इकुडोल स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td>६</td><td>आश्राङ स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td>७</td><td>गिम्दी स्वास्थ्य चौकी</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५००००</td></tr>
</table></td><td>३५०,०००</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>नन्फाइलर<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१८७५२।५० समेत रु.१,६३,००२।५० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले</td><td>१८,७५३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>८।२०७९।३।७</td><td>विकटेश्वर काष्ठ उद्योग</td><td>३०३२०५७७१</td><td>१६३००३</td><td>१८७५३</td><td>२०७८।M।१२</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>मासिक भत्ता<br>स्थानीय तहमा विनियोजित सशर्त अनुदान वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८।७९ को स्थानीय तहमा पूर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शय्यासम्मको अस्पताल संचालन निरन्तरता कार्यक्रम अनुसार मासिक भत्ता दिने व्यवस्था देखिँदैन । पालिकाले दुई जना मेडिकल अधिकृतलाई मासिक रु.१९,६२०।- का दरले १२ महिनाको रु.४,७०,४००।- मासिक भत्ता प्रदान गरेको छ । मार्गदर्शन विपरीतको मासिक भत्ता वितरण गरेको नियमसम्मत नदेखिएको रु.</td><td>४७०,४००</td></tr>
<tr><td>७३</td><td>१४</td><td>२०७८-५-२६</td><td>आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले देहाय बमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका वेरुजुहरू अन्तिम लेखापरीक्षणसम्म असुल फस्यौंट गरेको देखिएन । उक्त वेरुजु लेखापरीक्षणको क्रममा यकिन गरी निम्नानुसार कायम गरिएको छ ।<br>स्टोरकिपर तुलसी भट्टराईका नाममा कर कटाई रु.२,२७,३९५।— भुक्तानी भएकोमा भरपाई अनुसार तपसिलमा उल्लेखित व्यक्तिहरूले रकम बुझेको नदेखिएको हुँदा बुझी लिएको भरपाई पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कमल आले</td><td>१००८५</td></tr>
<tr><td>२</td><td>गणेश जि.सी.</td><td>९७५१</td></tr>
<tr><td>३</td><td>माधव निरौला</td><td>५८६०</td></tr>
<tr><td>४</td><td>शिवप्रसाद शर्मा</td><td>६८९५</td></tr>
<tr><td>५</td><td>रमेश घले</td><td>१३७४७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४६३३८</td></tr>
</table></td><td>४६,३३८</td></tr>
</table>

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ मा कार्यक्रममा सहभागीको आते जाते खर्चको सम्बन्धमा दुई दिन सम्मको लागि एकमुष्ट रु.२००। र सो भन्दा जतिसुकै दिन भएपनि रु.५००। मात्र भुक्तानी दिन मिल्ने व्यहोरा उल्लेख छ ।पालिकाले भौचर नं १०४ मिति २०७९।३।१९ मा रुपा तिमल्सिनाको पेश्की फछ्यौंटमा वडा नं ५ र ६ मा एक एक दिने लघु उद्यम बिकास कार्यक्रम संचालनमा सहभागीहरुलाई रु.५००। का दरले सहभागी भत्ता रु.५०,०००। भुक्तानी गरेकोले यसमा सुधार गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | ०.०० |